# कुम्मायक गाउँपालिकाको पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१

(मिति २०८१।०६।१६ गतेको गाउँ-कार्यपालिकाको बैठकबाट पारित)



कुम्मायक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपन्छी सेवा शाखा

यासोक, पाँचथर।

# पशु विकास् कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१

(मिति २०८१।०६।१६ गतेको गाउँ-कार्यपालिकाको बैठकबाट पारित)

**प्रस्तावनाः** कुम्मायक गाउँपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पशुपलान व्यवसायलाई व्यवसायिक, प्रतिस्पर्धी, आधुनिक र प्रविधिमैत्री बनाई कृषकहरुको आयआर्जन वृद्दीका लागी दुग्ध उत्पादन,संकलन, प्रशोधन र दुग्धको बजारीकरण सुनिश्चित गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को २ (ण) १ ले दिएको अधिकार प्रयोग गरि गाउँपालिकाले यो कार्यविधी बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१"** रहेको छ।

ख) यो कार्यविधि कुम्मायक गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ।

ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कार्यविधि भन्नाले "पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०८०" बुझ्नुपर्दछ।

ख) गाउपालिका भन्नाले कुम्मायक गाउँपालिका र कार्यपालिका भन्नाले कुम्मायक गाउँपालिकाको गाँउ कार्यपालिकालाई बुझ्नुपर्दछ।

ग) आर्थिक विकास समिति भन्नाले कुम्मायक गाउँपालिकाले गठन गरेको आर्थिक विकास समितिलाई सम्झनुपर्दछ।

घ) कृषक वा कृषि उद्यमी, व्यवसायी वा कृषि तथा पशु फर्म भन्नाले गाउँपालिका क्षेत्रभित्र पशुपालन व्यवसायमा आवद्ध भइ आफ्नो वा लिजमा लिइएको जग्गामा पशुपन्छी, माछा पालन गरि पशुजन्य उत्पादन गर्ने तथा घाँसखेती गर्ने किसानलाई सम्झनुपर्दछ।

ङ) समिति भन्नाले यस कार्यविधिमा उल्लेखित समितिहरु सम्झनुपर्दछ।

च) वडा भन्नाले कुम्मायक गाउँपालिका वडा नं. ५ लाई सम्झनुपर्दछ।

## ३. उद्देश्यः

क)पशु विकास कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन ।

- कुम्मायक गाउँपालिकामा पशुपालन व्यवसायलाई आधुनिक र व्यवसायिक बनाउने ।
- दुग्ध तथा दुग्धजन्य उत्पादन दिने पशुचौपायहरुको नश्ल सुधार गर्ने ।
- रोजगारीको अवसर सिर्जना गर्ने ।
- पशु पोषणमा सुधार ल्याउने ।
- पशु स्वास्थ्यमा सुधार ल्याउने ।
- पशुजन्य उत्पादनहरुको बजार प्रवन्ध, प्रवर्द्धन तथा व्यवस्थापन गर्ने ।
- कृषकहरुको आयआर्जनमा वृद्धि गर्ने ।
- पशुहरुको निर्जिवन बिमा गर्ने ।

# परिच्छेद २

# कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

## ४.कार्यक्रमको अवधीः

क) पशु विकास कार्यक्रम ३ वर्षसम्म निरन्तर सञ्चालन हुनेछ । तत्पश्चात कार्यक्रमको निरन्तरताको लागि साझेदार स्वयं सक्षम हुने अपेक्षा गरिएको छ ।

ख)कार्यक्रम सञ्चालनको पहिलो वर्ष हरेक समूहबाट १०-१२ जना कृषकहरुले लाभ लिने, दोस्रो वर्ष १०-१६ जना र तेस्रो वर्ष १६-२२ जना गरि समूहमा लाभ लिने कृषकहरुको संख्या वार्षिक रुपमा बढाँउदै लैजानुपर्नेछ ।

## ५.कार्यक्रमको लक्षित वर्ग तथा समूह गठनः

क) पशु विकास कार्यक्रम दुग्ध उत्पादन गरिरहेका र साझेदारी रकम जुटाउन सक्ने कृषकहरु लक्षित गरि सञ्चालन गरिनेछ ।

ख) लक्षित वर्गलाई कार्यक्रममा समावेश गर्नका लागी देहायका बुँदाहरुलाई आधार मानि कृषक समूह गठन गरिनेछ । समूहमा ८ देखि २२ जना सदस्य बनाउन सकिनेछ ।

- ✓ कम्तिमा २ माउ गाई भैसी पालन गरि दुग्ध उत्पादन तथा विक्री वितरण गर्दै आएका कृषकहरु ।
- ✓ ३०% लागत साझेदारी गर्न सक्ने, साझेदारीका लागि चाहिने रकममको आर्थिक श्रोत प्रष्ट खुल्ने कृषकहरु ।

- ✓ दुग्ध उत्पादनबाट आयआर्जन बढाउन इच्छुक कृषकहरु ।
- ✓ समूह गठन गर्दा महिलाको प्रतिनिधित्व सकेसम्म ३३ % पुर्याउन पहल गर्ने ।

**६.कार्यक्रम सञ्चालनका लागी लाभग्राही छनौटका आधारहरु:**

क) पशु विकास कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले लाभग्राही छनौट तथा प्राथमिकिकरणका लागि देहायका बुँदाहरु ध्यान दिनुपर्नेछ ।

- ✓ भौगोलिक तथा वातावरणीय हिसाबले गाई, भैसीपालनका लागि राम्रो सम्भावना भएको ठाउँ हुनुपर्नेछ ।
- ✓ समूह सहकारीका हरेक सदस्यले कम्तिमा २ माउ गाई भैसी पालन गरिरहेको हुनुपर्नेछ ।
- ✓ घाँस खेतीको सम्भावना राम्रो भएको क्षेत्र हुनुपर्नेछ ।
- ✓ व्यवसायिक गाई भैसीपालनको राम्रो सम्भावना बोकेको ठाउँ हुनुपर्नेछ ।
- ✓ दुग्ध तथा मासुको बजारीकरणको प्रष्ट योजना र राम्रो सम्भावना भएको समूह सहकारी हुनुपर्नेछ ।
- ✓ कार्यक्रम प्रति कृषकहरुको राम्रो झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको हुनुपर्नेछ ।
- ✓ लागत साझेदारी गर्ने रकमको श्रोत सुनिश्चतता भएको हुनुपर्नेछ ।
- ✓ विद्युत तथा सडक पूर्वाधारको विकास भएको हुनुपर्नेछ ।

**७.अनुदान रकमको सिमा र प्रतिशतः** पशु विकास कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग र क्षेत्रको पहिचान गरि अधिकतम ७०% सम्म अनुदान दिन सकिनेछ ।

**८.अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरु:**

क) गाउँपालिकाले प्रदान गर्ने अनुदान रकमबाट लाभग्राहीहरुले देहायका क्रियाकलापहरुमा खर्च गर्न सक्नेछन् ।

**१)पशु नश्ल सुधारको लागि:**

- ➢ SELECTION AND CULLING
- ➢ कृतिम गर्भाधानका आवश्यक क्रियाकलापहरुमा
- ➢ प्राकृतिक गर्भाधानका लागि आवश्यक क्रियाकलापहरुमा
- ➢ उन्नत नश्लका माउ गाई तथा भैसी खरिद, ढुवानी तथा वितरण
- ➢ उन्नत नश्लका बाच्छा पाच्छी, पाडा पाडी तथा साँढे र राँगो खरिद, ढुवानी तथा वितरण ।

२)कृषकको क्षमता विकासका लागि:

- साना तथा मझौला कृषक समूह गठनका क्रममा अभिमुखिकरण, खाजा, खाना इन्धन तथा यातायात खर्च ।
- कृषक अभिमुखिकरण कार्यक्रममा खाजा, खाना,ब्यानर तथा विज्ञको सेवा सुविधामा ।
- दुध उत्पादन लक्षित कृषकस्तर तालिम सञ्चालनका लागि अवश्यक क्रियाकलापहरुमा ।
- पशु आहारा तथा असल पशुपालन अभ्यास सम्बन्धी कृषक तालिम सञ्चालनका लागि अवश्यक क्रियाकलापहरुमा
- आधुनिक, वैज्ञानिक र प्रविधिमैत्री व्यवसायिक फार्म अवलोकनका लागि कृषक भ्रमण गराउन हुने यातायात, अवलोकन शुल्क, खाना, खाजा, आवास लगायत आवश्यक खर्च।
- तालिम सञ्चालनका आवश्यक क्रियाकलापहरु, तालिम दिने प्रशिक्षकको सेवा, सुविधा आदि ।

३)पशुपालनमा पूर्वाधार विकासका लागि:

- गोठ तथा भकारो सुधार
- काउ म्याट खरिद , ढुवानी तथा वितरण
- घाँस खेती व्यवस्थापन तथा विस्तारको लागि विऊ खरिद , ढुवानी, वितरण तथा रोपाई ।
- प्लाष्टिक पोखरी निर्माणको लागि प्लाष्टिक पोखरी खरिद, ढुवानी तथा निर्माण ।
- डेरी भवन निर्माण, ढल निकास, खानेपानी व्यवस्थापन, आवश्यक औजार, उपकरण तथा सामाग्रीहरु खरिद तथा ढुवानी ।
- संकलन केन्द्र स्थापनाका लागि आवश्यक क्रियाकलापहरु
- करिडोर लक्षित LIVESTOCK MART निर्माणका लागि आवश्यक क्रियाकलापहरु

४)दुग्ध तथा दुग्धजन्य वस्तुको बजारीकरण:

- दुग्धका परिकार विविधीकरण सम्बन्धी तालिम सञ्चालनका आवश्यक क्रियाकलापहरु, तालिम दिने प्रशिक्षकको सेवा, सुविधा आदि ।
- दुग्ध संकलन केन्द्र तथा डेरी स्थापनाका आवश्यक क्रियाकलापहरु ।
- करिडोर केन्द्रित डेरी व्यवस्थापनका लागि आवश्यक क्रियाकलापहरु

- चिस्यान केन्द्र स्थापनाको लागि चाहिने आवश्यक क्रियाकलापहरु ।

**५)पशु पोषण सुधारका लागी:**

- डाले घाँस तथा भुँई घाँसका बेर्ना, बिऊ खरिद, ढुवानी, वितरण तथा रोपाई
- प्लाष्टिक पोखरी खरिद, ढुवानी, वितरण तथा निर्माण ।
- सामूहिक रुपमा UMB Block निर्माण गर्न चाहिने आवश्यक क्रियाकलापहरु ।
- मिनी मिल खरिद, ढुवानी तथा वितरण
- घाँस टुक्र्याउने सामान्य कुटि काट्ने मेसिन खरिद, ढुवानी तथा वितरण
- साइलेज पिट निर्माण तथा मकै र जुनेलो खेतीको वृहत्तर विकास गर्दै सामूहिक रुपमा साइलेज बनाउन आवश्यक क्रियाकलापहरु ।
- सन्तिलित दाना बनाउन र उपयोग गर्न आवश्यक क्रियाकलापहरु ।

**६)पशु स्वास्थ्यका लागि:**

- नियमित रुपमा DEWORMING गर्ने ।
- FMD & LSD Vaccination नियमित रुपमा सञ्चालन गर्ने ।
- फिड सप्लिमेन्टहरु नियमित रुपमा प्रयोग गर्ने ।
- पशु सेवा शाखासँग नियमित समन्वय र परामर्श लिने ।
- पशु स्वास्थ्यको लागि चाहिने औषधीहरु खरिद, ढुवानी तथा उपयोग गर्न सकिने ।

**७)पशु बिमाका लागि:**

- पशु बिमा सम्बन्धी अभिमुखिकरण सञ्चालन गर्न आवश्यक क्रियाकलापहरुमा ।
- पशु बिमा सञ्चालन गर्न कृषकहरुलाई प्रिमियम अनुदान समितिको निर्णयमा दिन सकिने ।

ख) पशु विकास कार्यक्रम कार्यान्वयन समितिको निर्णयबाट पालिकाले तथा वडाले आवश्यक ठानेका अन्य क्रियाकलापहरु ।

# परिच्छेद ४

## कार्यक्रम सञ्चालन प्रक्रियाः

### ९.कार्यक्रम सञ्चालन प्रक्रियाः

क) गाउँपालिकाको पशुपन्छी सेवा शाखाले सभाबाट स्वीकृत बजेट अनुसार पशु विकास कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। सो बजेट अनुसार गाउँ कार्यपालिकाको बैठकले कार्यक्रम कार्यान्वयन हुने क्षेत्रको बारेमा निर्णय गर्नुपर्नेछ।

ख) पशु विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि पालिकामा देहाय बमोजिमको पशु विकास कार्यक्रम कार्यान्वयन समिति रहनेछ।

गाउँपालिका उपाध्यक्ष- संयोजक
प्रमुख प्रशासकीय अधिकृत- सदस्य
आर्थिक विकास समिति संयोजक- सदस्य
कार्यक्रम सञ्चालन हुने वडाको वडाध्यक्ष- सदस्य
कार्यक्रम सञ्चालन हुने वडाको वडा सदस्य- सदस्य (एक महिला सहित बढिमा २ जना)
कृषि विकास शाखाको प्रमुख- सदस्य
सम्बन्धित वडाको वडा सचिव- सदस्य
पशुपन्छी सेवा शाखाको प्रमुख- सदस्य सचिव

ग) पशु विकास कार्यक्रम कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकमा आवश्यकता अनुसार बढिमा २ जनालाई आमन्त्रण गर्न सकिनेछ।

घ) यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

- ✓ कार्यक्रम सञ्चालन गरिने क्षेत्रको छनोटका लागि कार्यपालिकालाई सिफारिस गर्ने।
- ✓ सम्बन्धित साझेदारबाट पेश भएका प्रस्ताव तथा कार्ययोजनाहरुको स्वीकृत।
- ✓ संचालित कार्यक्रमको स्थलगत अनुगमन र पृष्ठपोषण
- ✓ कार्य प्रगतिको समिक्षा र आवश्यक समन्वय
- ✓ कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने क्रियाकलापहरु थपघट गर्ने तथा मार्गदर्शन गर्ने।

ङ) पशु विकास कार्यक्रम कार्यान्वयनको लागि पालिकाले सार्वजनिक सूचना प्रकाशन गरि कार्यक्रम सञ्चालन हुने वडाका कृषकहरुको भेला गराई पहिलो चरणमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

च) अभिमुखिकरण कार्यक्रम सम्पन्न भैसकेपछी अभिमुखिकरण कार्यक्रममा सहभागी भएका कृषकहरु, वडाका जनप्रतिनिधीहरु, टोलका संयोजकहरु र अन्य सरोकारवाला सहितको उपस्थितिमा कार्यक्रममा सहभागी हुने कृषकहरुको विवरण संकलन गरेर साना तथा मझौला कृषक समूहहरु(कम्तिमा ८ जना सदस्यहरु) गठन गर्नुपर्नेछ र यसरी दर्ता गरिएका कृषक समूहहरुले विधान बनाई सम्बन्धित निकायमा दर्ता हुनुपर्नेछ।

छ) समूहहरु बिचमा समन्वय र सहकार्यको लागि एक समन्वय समिति गठन गर्न सकिनेछ।

ज) साझेदारहरुले संस्थाको अध्यक्ष, कोषाध्यक्ष र सचिवको दस्तखत चल्ने गरि बैक खाता खोल्नुपर्नेछ।

झ) पशु विकास कार्यक्रम कार्यान्वयनका लागी प्रचलित कानुन बमोजिम गाउँपालिकाले अनुसूची १ बमोजिमको सूचना प्रकाशन गरि आवेदन माग गर्नुपर्नेछ।

ञ) सूचना प्रकाशित भैसकेपछि आवेदकले यस कार्यविधिको अनुसूची २ बमोजिम आवश्यक कागजात सहित कृषक समूहले आर्थिक विवरण सहितको ३ वर्षे कार्ययोजना समावेश गरि प्रस्ताव पेश गर्नुपर्नेछ।

ट) सम्बन्धित शाखाले पेश भएका प्रस्तावहरु पशु विकास कार्यक्रम कार्यान्वयन समितिबाट मूल्यांकन गराई छनौट गराउनुपर्नेछ। र छनौट भए पश्चात गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरि जानकारी गराउनुपर्दछ।

ठ) छनौट भएका साझेदारहरुसँग द्धिपक्षिय सम्झौता गराई कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

ड) साझेदारले चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित शाखा समक्ष पेश गर्नुपर्नेछ।

## परिच्छेद ५

### १०.अनुदान प्रवाहका शर्तहरु:

क) सम्झौतामा उल्लेखित रकम भन्दा अधिकका क्रियाकलापहरु साझेदार स्वयंले व्यहोर्ने वा अन्य श्रोतको व्यवस्थापन गरि सञ्चालन गर्नुपर्नेछ।

ख) अनुदान प्राप्त गर्ने कृषकहरुले कम्तिमा दश वर्षसम्म गाईभैसिपालन व्यवसायलाई निरन्तरता दिनुपर्नेछ।

ग) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर र कार्वाही गरिनेछ।

ग) पशु विकास कार्यक्रममा संलग्न अनुदानग्राहि कृषकहरुले कार्यक्रमको अन्त्य सम्म कम्तिमा ३ माउ गाई भैसी(अनिवार्य १ माउ उन्नत) पालि दैनिक १० लि.दुध बिक्रि वितरण गरेको हुनुपर्नेछ।

घ) गाई भैसीको भकारो सुधार गरि काउ म्याट प्रयोग गरेको तथा कुटि काटेर घाँस दिने प्रवृतिको विकास भएको हुनुपर्नेछ।

ङ) मौसम र हावापानी अनुसार हिउँदे, वर्षे, वहुवर्षे, डाले घाँस खेती र साइलेज प्रविधिको अवलम्बन गरेको हुनुपर्नेछ।

च) पशु विकास कार्यक्रम सम्पन्न हुने बेलासम्म कम्तिमा ८० जना कृषकहरु आवद्द भएको हुनुपर्नेछ र दैनिक ८०० लि. दुध व्यवसायिक रुपमा बिक्रि वितरण गरेको हुनुपर्नेछ। कार्यक्रम सञ्चालनको पहिलो वर्ष हरेक समूहबाट १०-१२ जना कृषकहरुले लाभ लिने, दोस्रो वर्ष १०-१६ जना र तेस्रो वर्ष १६-२२ जना गरि समूहमा लाभ लिने कृषकहरुको संख्या बढाँउदै लैजानुपर्नेछ।

छ) कार्यक्रम सम्पन्न हुँदाका बखतसम्म कम्तिमा एक व्यवस्थित दुग्ध डेरी, ४ दुग्ध संकलन केन्द्रहरु संचालन भएको हुनुपर्नेछ।

ज) कार्यक्रममा आवद्ध कृषकहरुले अनिवार्य रुपमा पशु बिमा गरेको हुनुपर्नेछ।

## परिच्छेद ६
## विविध

**११.कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्वः**

क) कार्यक्रम कार्यान्वयनका शिलसिलामा कार्यक्रम सञ्चालनको क्षेत्र छनौट, अभिमुखिकरण, समूह गठन,सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व अख्तियार प्राप्त सम्बन्धित शाखा र कुम्मायक गाउँ कार्यपालिकाको हुनेछ।

ख) सम्झौता मुताविकको कार्य निर्धारित समयभित्र उच्च गुणस्तर राखि सम्पन्न गर्ने दायित्व सम्बन्धितको हुनेछ।

ग) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित शाखामा उपलब्ध गराउनुपर्नेछ।

**१२.भुक्तानी प्रक्रियाः**

क) दफा ८ बमोजिम छनौट भई द्विपक्षिय सम्झौता गरिएका अनुदानग्राहीहरुले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, पालना गर्नुपर्ने शर्तहरु, अनुदान रकम र भुक्तानी विधि उल्लेखित द्विपक्षिय सम्झौता अनुसार अनुदानग्राहीले कार्य सम्पन्न गरे पश्चात प्रचलित कानुन अनुसारका बिल, भरपाइ संलग्न गरि सम्बन्धित वडा कार्यालयबाट पशुपन्छी सेवा शाखालाई सिफारिस गरे पश्चात पशुपन्छी सेवा शाखाले कुम्मायक गाउँपालिकाको कार्यालयलाई भुक्तानीको लागि सिफारिस गरे बमोजिम एकै किस्तामा कार्यालयले अनुदानग्राहीको बैंक खातामा सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेछ।

ख) कार्यक्रमको प्रकृति अनुसार अनुगमन समितिले स्थलगत निरिक्षण गरि तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान भुक्तानी गर्नु पर्नेछ ।

ग) कार्यक्रमको प्रकृति हनुसार अनुदान बाहेकका कार्यक्रमको हकमा प्रचलित कानुन बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

घ) भुक्तानी गरिने रकमबाट नियमानुसार कर कट्टा गरि बाँकि रकम उपलब्ध गराइनेछ ।

**१३.अनुगमन र मूल्याङ्कनः**

क) आवश्यकता अनुसार कुम्मायक गाउँपालिकाबाट भुक्तानी प्रयोजनका लागी कुम्मायक गाउँपालिकाको कार्यालय, सम्बन्धित शाखाको प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

ख) पशु विकास कार्यक्रमको प्रगतिको अवस्था र कार्यविधि र सम्झौता बमोजिमका शर्तहरु पालना भए नभएको सम्बन्धमा सम्बन्धित शाखाले नियमित अनुगमन गर्नेछ ।

ग) अनुगमन टोलीले व्यवसाय प्रवर्द्दन रकमको उपयोग सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदार कृषकको कर्तव्य हुनेछ ।

**१४.कार्यक्रमको जानकारी दिनुपर्नेः**

अनुदानमा सञ्चालित पशु विकास कार्यक्रमको हकमा सम्बन्धित अनुदानग्राहीले आफुले सञ्चालन गरेको कार्यक्रम सम्बन्धी जानकारीमुलक विवरण होर्डिङ बोर्ड तयार गरि कार्यक्रम स्थलमा सबैले देख्ने गरि राख्नुपर्नेछ ।

**१५.बिमा गर्नुपर्नेः**

क) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहिले पशुपन्छी तथा मत्स्य र भौतिक पुर्वाधारको बिमा गर्नुपर्नेछ ।

ख) बिमा नगरेको अवस्थामा पुग्न जाने क्षतिको लागि अनुदानग्राहि स्वयं जिम्मेवार हुनेछ ।

**१६.खारेजी एवं संशोधनः**

यस कार्यविधिलाई गाँउकार्यापालिकाले आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ ।

**१७.कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा उल्लेख गरिएको भएता पनि नेपालको प्रचलित ऐन कानुनसँग बाझिएमा सोहि बमोजिम हुनेछ ।

**१८.बाधा अड्काउ फुकाउः**

यस कार्यविधिमा उल्लेख भएका कुरामा कुनै विवाद आएमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची १

## सूचनाको ढाँचा

### पशु विकास कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः

कुम्मायक गाउँपालिका पाँचथरको आ.व. २०................को वार्षिक स्वीकृत पशु विकास कार्यक्रम रहेको हुँदा यस पालिकाको......वडा भित्रका इच्छुक कृषक समूहहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको पशुपन्छी सेवा शाखामा पशु विकास कार्यक्रममा सहभागि हुने आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**आवश्यक कागजातः**

1. नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी ।
2. समूह दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
3. सम्बन्धीत वडा कार्यालयको सिफारिस ।
4. स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी ।
5. जग्गा धनी दर्ता प्रमाणपुर्जा वा भाडामा लिएको सम्झौताको प्रतिलिपी ।
6. जग्गाको तिरो तिरेको रसिद ।
7. समूहको विधानको प्रतिलिपी ।
8. अनुसूची २ बमोजिमको निवेदन, अनुसूची ३ बमोजिमको कृषकको विवरण, अनुसूची ४ बमोजिमको कार्ययोजना
9. विस्तृत रुपमा तयार गरिएको कार्ययोजना र उपलब्धी सहितको प्रस्तावना
10. लागत साझेदारीको प्रतिवद्दता पत्र

## अनुसूची २
## निवेदन ढाँचा

मितिः

श्रीमान शाखा प्रमुख ज्यू,

पशुपन्छी सेवा शाखा,

कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय,

यासोक, पाँचथर।

**विषयः पशु विकास कार्याक्रममा सहभागि हुन पाउ भन्ने बारे।**

कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकाको मिति................मा प्रकाशित सूचना मुताविक पशु विकास कार्यक्रममा सहभागी हुन यस गाउँपालिका वडा न.....टोल..... मा गठित......कृषक समूहले पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधी बमोजिममा रहेको यो आवेदन पेश गरेका छौ।

नामः
ठेगाना
सम्पर्क नं.
दस्तखतः
समूहको नामः
छापः
मितिः

# अनुसूची ३

## कार्यक्रममममा आवद्ध कृषकको विवरण

कार्यक्रमको नामः

आ.व.

साझेदारको नामः

ठेगानाः

**कार्यसमितिका पदाधिकारीहरुः**

| क्र.स. | पदाधिकारीको नाम | ठेगाना | पद | सम्पर्क नं. | | |
|---|---|---|---|---|---|---|
| | | | अध्यक्ष | | | |
| | | | सचिव | | | |
| | | | कोषाध्यक्ष | | | |

**कार्यक्रममा आवद्ध कृषकहरुको विवरणः**

समूहको नामः

ठेगानाः

| क्र.स. | कृषकको नाम | ठेगाना | उमेर | परिवार संख्या | विद्यमान पशु चौपायको विवरण | | | दैनिक दुग्ध उत्पादन परिमाण(लि.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | दुहुनो गाई भैसी | गाभिनो वा अन्य गाई भैसी | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# अनुसूची ४
## वार्षिक कार्ययोजना फारम

कार्यक्रमको नामः　　　　　　　　　　आ.व.

साझेदारको नामः　　　　　　　　　　ठेगानाः

| क्र.स. | क्रियाकलापको नाम | इकाई | वार्षिक लक्ष्य(परिमाण) | प्रति इकाई दर | जम्मा बजेट | संचालन हुने महिना | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

तयार गर्नेः　　　　　　　　पेश गर्नेः　　　　　　　　स्वीकृत गर्नेः

# अनुसूची ५
## सम्झौता पत्र

कुम्मायक गाउँपालिकाको आ.व ............. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु विकास कार्यक्रम सञ्चालन गर्न कुम्मायक " गाउँपालिकाको पशु विकासकार्यक्रम कार्यान्वयन कार्यविधी २०८१" वमोजिम मिति ....... गते कुम्मायक गाउँपालिकाबाट प्रकाशित सुचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये कुम्मायक गाउँपालिका पशु विकास कार्यक्रम कार्यान्वयन समितिको........ गतेको निर्णयबाट **श्री ......को** प्रस्ताव छनौट भएको हुँदा कुम्मायक गाउँ कार्यपालिकाको कार्यालयपाचँथर,यासोक, यस पछि प्रथम पक्ष ) र श (भनिने्ी .......का विच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालन गर्न मन्जुर भइ (यस पछि दोस्रो पक्ष भनिने) लियौ । |यो द्धिपक्षिय सम्झौता गरिदियौ

इति सम्बत .... साल .... महिना .... गते ....रोज शुभम् ।

**तपसिलः**

१............. कार्यक्रम जिल्ला पाँचथरकुम्मायक गाउँपालिका , .... नंवडाको ...... गाउँटोलमा मिति|...... गते सम्ममा सम्पन्न गरिने छ ।

२ दोस्रो पक्षले कुम्मायक गाउँपालिकाको प्राविधिक शाखाले गरेको.प्राविधिक स्टिमेट र डिजाइन अनुसार सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि सम्झौता भएको मितिले .... महिना३०) दिन भित्र सम्पन्न गर्नुपर्नेछ । (

३ लागत साझेदारीमा ......कार्यक्रम सञ्चालनको लागी दोस्रो पक्षले पेश गरेको कार्ययोजना मुताविक कुल लागतको निम्न बमोजिम प्रथम पक्ष र दोस्रो पक्षको लागत साझेदारीमा सम्पन्न गर्नुपर्नेछ ।

| क्र.स. | क्रियाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोस्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| १ | ........... कार्यक्रम | | | |
| | जम्मा | | | |
| | अक्षरेपीः ...........................................................................पैसा मात्र । | | | |

४)प्रथम पक्षले अनुदान रकमबाट ३ .तीनप्रतिशत कन्टेनजेन्सी बापत र नियम अनुसारका अन्य कर कट्टी गरि बाँकि रकम दोस्रो पक्षको ( बैंक खातामा भुक्तानी दिइनेछ ।

५कार्.यक्रम कार्यन्वयनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाइनअन्तिमविल र कार्य सम्पन्न ,रनिङ्गविल,सुपरभिजन,इष्टिमेट, गर्नेछ । ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले,खरिद,प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण

६दोस्रो पक्षले शुरुमा आफ्नो. लगानीबाट कार्य सुरुवात गरि कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदननियमानुसारको भ्याटबिल र , अन्य आवश्यक कागजात सहित भुक्तानिको लागि पेश गरे पश्चात प्रथम पक्षले स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरेमा एकै किस्तामा अनुदान रकम भुक्तानी गर्नेछ ।

७प्रथम पक्षले कुनै पनि समयमा सञ्चालित कार्यको अनुगमन। निरीक्षण गरि सम्झौता मुताविक कार्य भए।नभएको अनुगमन गर्न र . आवश्यक सुझाव दिन सक्नेछ ।

८जोखिम र दिगोपनको लागि गरिने ,व्यवस्थापन ,मर्मत सम्भार ,कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन . कार्यहरु तथा अप्रत्यासित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९सहयोगी निकायको नाम र अनुदान ,ठेगाना ,दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम. रकम उल्लेखित होडिङ्ग बोर्ड राख्नुपर्नेछ।

१०उपलब्धी एवम् कारोवार सम्बन्धी विवरणहरु प्रथम ,दोस्रो पक्षले नियमित रुपमा कम्तिमा महिनामा १ पटक कार्यक्रमको प्रगति . पक्षलाई अनिवार्य रुमपा उपलब्ध गराउनु पर्नेछ ।

११कार्यक्रम सञ्चालनको दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी स.हमति अनुसार मात्र हुनेछ ।

१२सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा कुम्मायक गाउँपालिकाको पशुपन्छी. सेवा कार्यक्रम कार्यन्वयन कार्यविधी २०८० र प्रचलित कानुन बमोजिम हुनेछ ।

१३प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका ला.गी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकि सरह असुल उपर गर्न सक्नेछ ।

**दोस्रो पक्षका तर्फबाट**

हस्ताक्षरः

नामः

ठेगानाः

**प्रथम पक्षको तर्फबाट**

हस्ताक्षरः

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

कार्यालयः कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय

कार्यालयको छापः

**रोहबर**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

# अनुसूची ६
## प्रगति विवरण फारम

कार्यक्रमको नामः

साझेदारको नामः ठेगानाः

प्रगति विवरणको अवधीः मिति.....................देखि...........................सम्म

| क्र.स. | संचालित क्रियाकलाप | ईकाई | वार्षिक लक्ष्य(परिमाण) | हालसम्मको प्रगति | कुन ठाउँमा के गरियो ? | लाभान्वित कृषक संख्या | हाल सम्मको खर्च रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेः पेश गर्नेः

## अनुसुची ७

**होर्डिंग बोर्डको नमूना**

साइज ३ * २ फिट

पशुपन्छी सेवा कार्यक्रमको नामः

अनुदानग्राहीको नामः

ठेगानाः

कार्यक्रमको कुल लागत रुः

अनुदान रकम रुः

सम्बन्धित साझेदार संस्थाको लागत साझेदारी रुः

<u>आज्ञाले</u>

गणेश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

कुम्मायक गाउँपालिका